# सीमान्तकृत समूदायलाई संविधानसभा निर्वाचनमा आकर्षित गर्ने उपायहरू

- स्मृता लक्ष्मी शाक्य
एल.एल.बि. प्रथम वर्ष, काठमाडौं स्कुल अफ ल

२०६४ साल नेपाल: आजको विषय नै संविधान सभाको निर्वाचन हुन गएको छ । कसरी समानुपातिक निर्वाचन प्रणाली गर्ने र यसका फाइदा, वेफाइदा प्रकृयाका बारेमा आजभोली हामीले विभिन्न पत्रपत्रिका, टिभी, रेडियोमा देख्न र सुन्न पाउँछौं । त्यहाँ पनि आजभोलि सीमान्तकृत र अति सीमान्तकृत वर्गको कुरा नै चासोको विषय हुन गएको छ ।

सरल भाषामा भन्नुपर्दा, संविधानसभा निर्वाचन प्रणाली र आम निर्वाचन प्रणालीमा भिन्नता र फरक हुन आउँछ । देश निर्माणको एउटा राम्रो प्रक्रिया संविधानसभालाई मान्न सकिन्छ । यस संविधानसभामा नागरिकको सहभागिता दुई किसिमले हुने हुँदा यो प्रकृया एउटा जनपक्षीय संविधान निर्माण प्रकृया हो । नागरिकद्वारा आफ्नो मान्यताहरुको प्रतिनिधित्व गर्ने उम्मेदवारहरु छनोट गरिन्छ । उनीहरूले आफ्नो दृष्टिकोणहरु संविधानसभामा राख्न पाउँछन् ।

अब, विषयको मूल कुरा सीमान्तकृत समूदाय हुन् जसको अवस्था अन्य जातजातिको अवस्था भन्दा अति दयनीय र अति कठिन् रहेको पाइन्छ । नेपाल एक प्राकृतिक विभिन्नता भएको देश हो र यहाँ बहुभाषिक, वहुजातीय, वहुसांस्कृतिक र वहुधार्मिक सभ्यता रहेकाछन् । ६१ जनजाति र ९० भाषभाषी र करिव १० किसिमको संस्कृति झुल्केको हाम्रो देश नेपालमा सबै भन्दा पिछडिएको वर्ग धनकुटा, चुरौटे, दलित, पत्थरकट्टा, राउटे, चेपाङ्ग, दनुवार, लेप्चा, बनकरिया, लोहार आदि पर्दछन् । Central Bureau of Statistic Nepal 2005 को Data बाट यी वर्गका जनसंख्या दुई करोड नेपाली जनसंख्यामा चुरौटे ०.०२%, दलित ०.७६%, पत्थरकट्टा ०.००% (६५९ जनसंख्या), चेपाङ्ग ०.२३%, लेप्चा ०.०२% मात्र छन् ।

यसरी पिछडिएका र कम जनसंख्या भएका जातजातिहरुलाई उनीहरुको समान हक अधिकार समेटिएको संविधानसभा निर्वाचनबारेमा प्रथम त चेतना प्रदान गर्न आवश्यक पर्दछ । आर्थिक, सामाजिक, राजनीतिक हक र अधिकारको उपयोगबाट बञ्चित यी वर्गलाई आफ्नो दैनिक जीवन धान्न मुस्किल परेको हुँदा उनीहरुकालागि निर्वाचन भन्दा पनि रोजीरोटी र गाँस, वास र कपासको महत्व धेरै हुन्छ । तर पनि यिनै गम्भीर समस्यालाई समाधान गरी प्रत्येक व्यक्तिलाई शिक्षाबाट वञ्चित हुनबाट रोक्नु अति जरुरी पर्दछ । सामाजिक, आर्थिक क्षेत्रको उन्नतीकालागि राजनीतिक क्षेत्रले ठूलो भूमिका खेल्दछ भन्ने कुराको यी सीमान्तकृत वर्गमा चेतना फैलाउनु पर्दछ ता कि प्रत्येक वर्गमा सामाजिक, आर्थिकका साथसाथै राजनीतिको ज्ञान फैलिन सकोस् र यी कुरामा आकर्षित होस् । राष्ट्रबाट त झनै सबैलाई समेट्न सक्ने चुनाव प्रकृयाको पहल गर्नुपर्दछ । यसबाट राष्ट्रले प्रभावकारी सहभागिता तथा समान अवसर प्रदान गर्न सकियोस् । अति औपचारिक आवश्यकताका रुपमा सीमान्तकृत र अति सीमान्तकृत जातिहरुलाई प्रत्यक्ष निर्वाचन प्रणालीबाट २४० सिटलाई कायम नै राखी यो जातिलाई आरक्षणको

Copyright © Kathmandu School of Law || **P.O. Box** - 6618, || **Dadhikot, Bhaktapur, Nepal**
**Phone No**. : 977-1-6634455, 6634663, || **Fax:** 977-1-6634801 || **Email** : info@ksl.edu.np

रुपमा हैन विशेष अधिकारको रुपमा सहभागी गराउने प्रणाली संविधान सभाले तोक्नु आवश्यक छ । सबैको प्रतिनिधित्व समान रुपमा रहने निर्वाचन प्रणाली हुनु पर्दछ ।

यद्यपि यी उपायहरुले मात्र सीमान्तकृत र अति सीमान्तकृत वर्गलाई आकर्षित गर्न सकिदैन । यो प्रणालीबाट सम्पूर्ण जनजीवनलाई हुने फाइदा र यसले आफ्नो जनजीवनमा के कस्तो राम्रो प्रभाव पार्दछ भन्ने चेतना दिनुपर्दछ । निर्वाचन हुँदा नागरिकले जान्नु पर्ने प्रत्येक कुरालाई राष्ट्रले विभिन्न तवरबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा ज्ञान दिने पहल गर्न जरुरी छ । जस्तै, प्रत्येक निर्वाचनमा थुप्रै व्यक्तिहरू सहभागी हुंदैनन् । त्यसको विशेष कारण अज्ञानता हो । त्यसैले हाम्रो देशको थुप्रै गाउँघरमा भोटहाल्न जाँदा विभिन्न कठिनाइका कारणले गर्दा पिछडिएका वर्ण आफ्नो आय आर्जन छोडेर निर्वाचनमा भोट हाल्न जान हिचकिचाउँछन् । अतः राष्ट्रले निर्वाचनमा ठूलो घाटा व्यहोर्नु पर्दछ । त्यसैले राष्ट्रले निर्वाचन क्षेत्रको संख्या बढाउन अति अनिवार्य हुन जान्छ ।

नागरिकबाट संविधासभाको निर्वाचन प्रणालीमा उम्मेदवार छनौट गर्न पाउने अवसर प्राप्त गर्ने हुँदा भोट हाल्न प्रथम त प्रत्येक व्यक्ति निर्वाचन प्रणाली र प्रकृयाबारे सचेत हुनु पर्दछ । तब मात्र सहि प्रतिनिधि र सहि तरीकाले भोट हाल्न र निर्वाचन प्रणालीबारे सचेत गराउन सकिन्छ । यिनै वर्ग नै धेरै मात्रामा अशिक्षित भएको हुनाले उम्मेद्वारको छनौट र सक्षम उम्मेद्वार जो जनता प्रति बफादार छ उसलाई प्राथमिकताका साथ निर्वाचित गराउनु पर्ने सचेत सूचना दिने उपाय विभिन्न संघसंस्थाबाट हुनुपर्दछ ।

## Bibliography

१. संविधानसभाको औचित्य डा. बुद्धिप्रसाद भण्डारी

२. संविधानसभा युवराज संग्रौला

३. नेपालको राज्य पुनःसंरचना र संविधानसभा, डा. सुरेन्द्र के.सी.

■

Copyright © Kathmandu School of Law || **P.O. Box** - 6618, || **Dadhikot, Bhaktapur, Nepal**
**Phone No**. : 977-1-6634455, 6634663, || **Fax:** 977-1-6634801 || **Email** : info@ksl.edu.np